# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) जनकपुरधाम, मंसिर २४ गते, २०७६ साल (अतिरिक्ताङ्क ३

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

**दलित सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

**सम्वत् २०७६ सालको ऐन नं.०७**

**प्रस्तावना:** नेपालमा अन्धविश्वास तथा सामाजिक कुसंस्कारका अवशेष विद्यमान रहेको कारण दलित समुदायमाथि भेदभाव र हिंसाजन्य घटना घटिरहेको अवस्थामा यस्तो कुरीतिलाई अन्त्य गर्न नेपालको संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको मौलिक हकलाई आत्मसात गर्दै दलित समुदायको सामाजिक- सांस्कृतिक, राजनीतिक, नागरिक, आर्थिक, शैक्षिक विकास प्रक्रियामा दलित समुदायको सहभागितालाई सुनिश्चित गर्न तथा जातीय भेदभाव र छुवाछूत पुर्णरुपमा अन्त्य गर्न र दलित समुदायको राजनीतिक, नागरिक, शैक्षिक, सामाजिक-सांस्कृतिक

अधिकार प्रवर्द्धन तथा दलित समुदायको सशक्तीकरण गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "दलित सशक्तीकरण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्छ ।

(ख) "कसूर" भन्नाले मुलुकी अपराध (संहिता) ऐन, २०७४ बमोजिमको अपराधलाई सम्झनु पर्छ ।

(ग) "संहिता" भन्नाले मुलुकी अपराध (संहिता) ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(घ) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगले सूचिकृत गरेका जातजातिलाई सम्झनु पर्छ ।

(ङ) "जातीय भेदभाव तथा छुवाछूत" भन्नाले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ ।

(च) "नगरपालिका" भन्नाले नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका समेतलाई सम्झनु पर्छ ।

(छ) "सार्वजनिक स्थान" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, सार्वजनिक स्थल, पाटी-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान- बगैंचा, कुनै पनि किसिमको धार्मिक

स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ ।

(ज) "सार्वजनिक सेवा" भन्नाले सरकारी वा गैरसरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनु पर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैरसरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ ।

(झ) "सार्वजनिक समारोह" भन्नाले भोज-भतेर, पूजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्युजस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक-सांस्कृतिक समारोह सम्झनु पर्छ ।

(ञ) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्था, गैरसरकारी संस्था तथा स्थानीय स्तरमा गठन भएको अनौपचारिक समिति समेतको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउनेछ ।

(ट) "अनुगमन समिति" भन्नाले दफा ३ बमोजिम गठन हुने जातीय विभेद तथा छुवाछूत अनुगमन समिति सम्झनु पर्छ ।

(ठ) "विकास समिति" भन्नाले दफा ७ बमोजिम गठन हुने दलित विकास समिति सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## जातीय विभेद तथा छुवाछूत अनुगमन समिति सम्बन्धी व्यवस्था

३. **समितिको गठन:** (१) जातीय विभेद तथा छुवाछूतको घटनाहरुको अध्ययन, अनुगमन तथा जातीय विभेद तथा छुवाछूत सम्बन्धी कानूनको कार्यान्वयन, रेखदेख, नियन्त्रण र सुपरिवेक्षण गर्ने काम समेतका लागि प्रदेशस्तरमा एक जातीय विभेद तथा छुवाछूत अनुगमन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) आन्तरिक मामिला तथा कानून मन्त्री - सदस्य

(ग) सामाजिक विकास मन्त्री - सदस्य

(घ) दलित समुदायका प्रदेशसभाका सदस्यहरु - सदस्य

(ङ) मुख्य न्यायाधिवक्ता - सदस्य

(च) दलित अधिकार क्षेत्रमा कम्तीमा ५ वर्षदेखि कार्य गर्दै आएका दलित समुदायको व्यक्ति मध्येबाट प्रदेश सरकारले मनोनित गरेको १ जना महिला सहित २ जना - सदस्य

(छ) प्रदेश प्रहरी प्रमुख - सदस्य

(ज) मुख्यमन्त्रीले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको उपसचिवस्तरको कर्मचारी -सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समितिको कार्य सञ्चालनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा एक शाखाको स्थापना गरिनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार:** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जातीय भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूरमा अनुसन्धान, कानूनी कारबाही लगायतका कुराहरुको अनुगमन तथा निगरानी गर्ने ।

(ख) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग, सहजीकरण, समन्वय तथा अनुगमन गर्ने ।

(ग) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि प्रादेशिक स्तरमा प्रचार-प्रसार र पैरवी गर्ने ।

(घ) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि प्रादेशिक स्तरमा देखा परेका बाधा अवरोध र समस्यालाई निराकरण गर्ने ।

(ङ) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि प्रदेशस्तरमा गर्नुपर्ने कार्यहरु गर्ने ।

(च) दलित उपरको भेदभाव विरुद्धको कानून कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने ।

(छ) सरकारी वा गैर सरकारी क्षेत्रबाट दलित समुदायको हक संरक्षण र हित प्रवर्द्धनका लागि सञ्चालित कार्यक्रमहरुको समन्वय गर्ने ।

(ज) जातीय भेदभाव तथा छुवाछूतको अवस्था बारेमा नियमित रुपमा अनुगमन गर्ने, गराउने ।

(झ) जातीय भेदभाव र छुवाछूत अन्त्यको लागि नीतिगत विषयमा प्रदेश सरकारलाई सल्लाह र सुझाव प्रदान गर्ने ।

(ञ) जातीय भेदभाव तथा छुवाछूतसँग सम्बन्धित विषयमा संलग्न निकायलाई कारबाहीको लागि निर्देशन दिने ।

(ट) जातीय आधारमा हुने भेदभावको कुनै पनि स्वरुपको छुवाछूत र भेदभाव अन्त्यको लागि प्रभावकारी सेवा प्रदान गर्ने, गराउने ।

(ठ) छुवाछूत नियन्त्रणका लागि प्रभावकारी अन्य आवश्यक भैपरि आउने कामहरु गर्ने, गराउने ।

(ड) छुवाछूतबाट पीडित व्यक्ति वा परिवारलाई सामाजिक सुरक्षा लगायत क्षतिपूर्ति समेत व्यवस्था गर्ने, गराउने ।

(ढ) छुवाछूतबाट पीडित व्यक्ति वा परिवारसँग उजुरी लिने ।

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(२) समितिले आवश्यक देखेमा अन्य निकायका पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **स्थानीय जातीय विभेद तथा छुवाछूत अनुगमन समिति:** (१) स्थानीय स्तरमा जातीय विभेद तथा छुवाछूत घटनाहरुलाई नियन्त्रण गर्न तथा निगरानी गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा देहाय बमोजिमको एक जातीय विभेद तथा छुवाछूत अनुगमन समिति रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले तोकेको दलित सदस्य मध्येबाट छानिएको व्यक्ति - संयोजक

(ख) दलित अधिकारको क्षेत्रमा कम्तीमा ५ वर्षदेखि कार्य गर्दै आएका दलित समुदायको व्यक्तिमध्ये स्थानीय सरकारले मनोनित गरेको स्थानीय १ जना महिला सहित २ जना - सदस्य

(ग) गाउँ तथा नगरपालिकाका कार्यपालिकामा प्रतिनिधित्व गर्ने दलित सदस्य - सदस्य

घ) प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने राजनितिक दलको प्रतिनिधि ४ जना - सदस्य

(ङ) गाउँपालिका वा नगरपालिकाका सामाजिक शाखाका अधिकृत - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले देहाय बमोजिमको काम गर्नेछ :-

(क) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीय स्तरमा प्रचार-प्रसार र पैरवी गर्ने ।

(ख) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीय तहमा देखा परेका बाधा अवरोध समस्या निराकरण गर्ने ।

(ग) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीयस्तरमा गर्नुपर्ने कार्यको लागि प्रदेश अनुगमन समितिलाई प्रतिवेदन तथा पृष्ठपोषण गर्ने ।

(घ) दलित उपरको भेदभाव विरुद्धको कानून कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने ।

(ङ) स्थानीय स्तरमा दलितको हक संरक्षण र हित प्रवर्द्धनका लागि गर्नुपर्ने आवश्यक अन्य कार्य गर्ने ।

(च) दलित विद्यार्थीको नि:शुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था मिलाउने सम्बन्धी सम्पुर्ण काम गर्ने, गराउने ।

(छ) दलित विकास तथा उत्थानका लागि स्थानीय सरकारबाट बजेट विनियोजन गरी पारित गर्ने, गराउने र दलितहरुको अगुवाइमा उक्त कार्यक्रम कार्यान्वयन गराउन सहयोग गर्ने ।

(ज) जातीय छुवाछूतका घटना हुन नदिन नगर तथा गाउँस्तरमा चेतनामूलक कार्यक्रम संचालन गर्ने, गराउने ।

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## नि:शुल्क शिक्षा सम्बन्धी व्यवस्था

६. **दलितलाई नि:शुल्क शिक्षा:** (१) नेपालको संविधानको धारा ४० अनुसार प्रत्येक दलित विद्यार्थीलाई प्राथमिक तहदेखि उच्च माध्यमिक तहसम्म अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्नुका साथै कार्यान्वयन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नि:शुल्क शिक्षाको लागि गाउँपालिका तथा नगरपालिकाले आवश्यक प्रबन्ध मिलाउनेछ ।

(३) संघीय सरकारले प्रदान गर्ने छात्रवृत्ति कार्यान्वयन गर्नुका साथै प्रदेश सरकारले पनि दलित विद्यार्थीलाई स्नातक तहदेखी विद्यावारिधिसम्म अध्ययन गर्न छुटै छात्रवृत्ति सम्बन्धी कार्यविधि बनाएर कार्यान्वयन गर्नेछ।

(४) सरकारले प्राविधिक शिक्षातर्फ इन्जिनियर, डाक्टर, कानून, पत्रकारिता पढ्न चाहने दलित विद्यार्थीको लागि विशेष कार्यक्रम ल्याउनेछ। स्नातक तहदेखी अध्ययन गर्ने दलित विद्यार्थीलाई शुल्क मिनाहासँगै मासिक निर्वाहभत्ता, पाठयपुस्तक, ट्युसन शुल्क र पोसाकसमेत उपलब्ध गराउने व्यवस्था गर्नेछ।

(५) प्रदेश सरकारले शिक्षामा सबभन्दा पछाडि रहेको मुसहर, डोम, मेस्तर र बाँतर समुदायका विद्यार्थीलाई लक्षित गरी विशेष कार्यक्रमको व्यवस्था गर्नेछ।

(६) निजी विद्यालय तथा क्याम्पसमा भर्ना भएको दलित विद्यार्थीलाई पूर्ण छात्रवृति प्रदान गर्ने व्यवस्था मिलाउनेछ।

(७) प्रदेश सरकारले दलित मैत्री विद्यालय निमार्णका लागि विशेष कार्यक्रम बनाएर कार्यान्वयन गर्नेछ।

(८) जातीय भेदभाव सम्बन्धी प्रोत्साहन गर्ने सांकेतिक भाषा, चित्र प्रयोग गरिने गरी पाठ्यपुस्तकमा उल्लेख भएको रहेछ भने त्यस्तो कुराहरु हटाइनेछ।

(९) प्रदेश सरकारले सामाजिक व्यवस्थाको परिवर्तनको लागि समतामूलक समाजको निर्माण गर्न दलित समूदायको ऐतिहासिक महापुरुषको जीवनी र सम्बन्धित पर्यटकीय स्थलहरु पाठ्यपुस्तकमा अनिवार्य समावेश गराइनेछ।

(१०) समाजमा जातीय विभेद हटाइ समतामूलक समाज निर्माण गर्ने खालका कार्यक्रमहरु बनाइ कार्यान्वयन गर्ने र तत्सम्बन्धी प्रचार प्रसार गर्ने।

## परिच्छेद ४

## दलित विकास समिति सम्बन्धी व्यवस्था

७. **समितिको गठन:** (१) प्रदेश सरकारले प्रदेशका विभिन्न भागमा छरिएर बसोबास गरिरहेका दलित समुदायको हक हित सम्बन्धी कार्यक्रम तथा

योजना तर्जुमा एवं कार्यान्वयन गर्ने दलित विकास समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन विधि देहाय बमोजिम हुनेछ :-

(क) सामाजिक विकास मन्त्री - अध्यक्ष

(ख) स्नातक तह उत्तीर्ण गरी दलित समुदायको उत्थान, विकास र दलित सम्बन्धी कार्यमा अध्ययन, अध्यापन, अनुसन्धान कार्यमा ख्याति प्राप्त गरेको दलित समुदायको व्यक्ति मध्येबाट सामाजिक विकास मन्त्रीको सिफारिसमा मन्त्रिपरिषदबाट नियुक्त हुने एक जना - उपाध्यक्ष

(ग) दलित समुदायको उत्थान र विकासको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट सामाजिक विकास मन्त्रीको सिफारिसमा मन्त्रिपरिषदबाट नियुक्त हुने २ जना महिला सहित ४ जना - सदस्य

(घ) नीति आयोगको सदस्य (सामाजिक विकास हेर्ने) - सदस्य

(ङ) आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव - सदस्य

(च) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कानून सचिव - सदस्य

(छ) सामाजिक विकास मन्त्रालयको उप-सचिव - सदस्य सचिव

(३) उपदफा (२) को देहाय (ख) र देहाय (ग) बमोजिमको सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ र निजहरु पुनः नियुक्त हुन सक्नेछन् ।

(४) समितिले आवश्यक देखेमा प्रदेश नम्बर दुईको सरकारी सेवाको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको कार्यालय प्रदेश राजधानीमा रहनेछ ।

(६) समितिको उपाध्यक्षको सेवा सुविधा प्रदेश सरकारको ११ औं तहको अधिकृत सरह हुनेछ ।

(७) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

द्रष्टव्यः यस दफा प्रयोजनको लागि "सदस्य" भन्नाले उपाध्यक्ष र सदस्य समेतलाई जनाउँदछ ।

८. **समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा ७ बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दलित समुदायको आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ख) प्रदेश सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट प्राप्त सहयोग एवम् साधन श्रोतका आधारमा तयार गरिने दलितसँग सम्बन्धित विभिन्न कार्यक्रमहरुमा स्थानीय निकाय समेतलाई संलग्न गराई गाउँस्तरसम्म त्यस्तो कार्यक्रम प्रभावकारी रुपमा पुर्‍याउन समन्वय गर्ने ।

(ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थाहरुबीच दलितको उत्थान र विकास सम्बन्धी विषयहरुमा जानकारी प्राप्त गर्न नेटवर्क स्थापना गरी सोको विस्तार गर्ने ।

(घ) दलितको आर्थिक तथा सामाजिक पक्षको विकास सम्बन्धी अध्ययन/अनुसन्धान गर्नुका साथै तत् सम्बन्धी पुस्तक, लेख आदि प्रकाशन एवं सूचना पद्धतिको स्थापना गर्ने, गराउने ।

(ङ) दलित समुदायका व्यक्तिहरुलाई तोकिएको आधारमा स्वदेश तथा विदेशमा अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराउन प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

(च) समितिको बार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने ।

(छ) दलितको विविध पक्षको विकास सम्बन्धमा गोष्ठी, तालिम तथा सेमिनार सञ्चालन गर्ने, गराउने ।

(ज) भूमिहीन दलितहरुको पहिचान तथा उनीहरुको अवस्था सम्बन्धमा अध्ययन, अनुसन्धान गरी सम्बन्धित निकायमा पठाउने ।

(झ) संविधानको धारा ४० को आधारमा बनेको सम्पूर्ण ऐनको कार्यान्वयनको अवस्थाको अध्ययन, अनुसन्धान गर्ने र सोको कार्यान्वयनमा आवश्यक सहयोग गर्ने ।

(ञ) प्रदेशस्तरमा दलित सम्बन्धी कार्यक्रमको स्वीकृति र सञ्चालन गर्दा त्यसको लागि समितिसँग अनिवार्य परामर्श लिनुपर्ने ।

(ट) छुवाछूत सम्बन्धमा तथ्यांक सङ्कलन, विश्लेषण र प्रकाशन गर्ने, गराउने र दलित समुदायका ऐतिहासिक व्यक्तित्वहरुबारे अध्ययन, अनुसन्धान गरी पुस्तक प्रकाशन गर्ने र त्यसबारे जनसमुदायमा प्रचारप्रसार गर्ने ।

(ठ) दलित समुदायको सर्वांगीण विकासको लागि आय आर्जन र सीपमूलक कार्यक्रम संचालन गर्ने ।

(ड) दलित छात्रवृति सम्बन्धी कार्य गर्ने ।

(ढ) दलित समुदायको लागि रात्रिकालीन विद्यालय वा शिक्षाको वैकल्पिक व्यवस्था गर्ने, गराउने ।

(ण) तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## विविध

९. **समानुपातिक समावेशीको पालना गर्नु पर्ने :-** (१) राज्यका सबै निकाय तथा प्रादेशिक संरचनामा दलितहरुको जनसंख्याको आधारमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको अवलम्बन गर्दा दलितका लागि निर्धारित सिटमध्ये पचास प्रतिशत दलित महिलाका लागि सुनिश्चित गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सार्वजनिक तथा सरकारी सेवा समानुपातिक समावेशी सिद्धान्तको परिपालन गर्न दलित समुदायको लागी सशक्तीकरणको कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सशक्तीकरण कार्यक्रम गर्न प्रदेश सरकारले विशेष व्यवस्था तथा कार्यविधि निर्माण गर्नेछ ।

१०. **जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाई सम्बन्धी व्यवस्था :** (१) प्रदेश नम्बर दुई प्रहरी अन्तर्गत एक जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित ईकाइ दलित समुदायबाट नेतृत्व गरेको हुनेछ ।

(३) इकाईको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. **स्वास्थ्य सम्बन्धी अधिकार:** (१) दलित समुदायको व्यक्तिलाई स्वास्थ्य जाँच, स्वास्थ्य उपचारमा दिइने विशेष सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) दलित समुदायको व्यक्तिलाई जटिल तथा गम्भीर प्रकृतिको रोग व्याधिमा न्यूनतम् शुल्कमा स्वास्थ्य उपचार गर्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको सेवा सुविधा सरकारले तोके बमोजिम प्रदान गरिनेछ ।

१२. **विशेष व्यवस्था:** (१) प्रदेश सरकारले दलित समुदायलाई सहुलियत दरमा रासन उपलब्ध गराउन रासन कार्डको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रासनकार्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम रासन कार्ड प्राप्त भएका दलित समुदायलाई अति आवश्यक खाद्यान्न वस्तु सहुलियत दरमा उपलब्ध गराउनेछ ।

१३. **उजुरी गर्न सक्ने:** जातीय भेदभाव तथा छुवाछूतको घटनामा पीडित व्यक्ति वा उसका आफन्तले दफा ३ र दफा ७ बमोजिम गठन भएको समितिमा उजुरी गर्न सक्नेछ ।

१४. **प्रतिवेदन पेश गर्नुपर्ने:** (१) दफा ७ बमोजिम गठन भएको समितिले आर्थिक वर्ष सकेको २(दुई) महिनाभित्र गत आ.ब.मा गरेको काम कारबाही सम्बन्धमा प्रदेश सरकार समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन प्रदेश सभा र प्रदेश सभाको सम्बन्धित समितिमा छलफल हुनेछ ।

(४) यस दफा बमोजिमको प्रतिवेदनमा प्रदेश सभा र प्रदेश सभाभित्रको सम्बन्धीत समितिले मन्त्रालय र दफा ७ बमोजिमको समितिलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिन सक्नेछ ।

१५. **नियम बनाउन सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

प्रमाणीकरण मिति-२०७६/०८/२४

**आज्ञाले,**
**कृष्णहरि पुष्कर**
**प्रदेश सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३